१०८८/६११

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. २५९/२०७०/०७१

निर्णय नं. ७११

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर-३५, सहयोगीनगर, काठमाडौं बस्ने शारदा भुषाल (झा) ...........................................................................१ पुनरावेदक

विरूद्ध

श्री अख्तियार प्रमुख, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, हेटौडा, मकवानपुर ........................................................................................ .....................१ विपक्षी

सूचना अधिकारी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, हेटौडा, मकवानपुर ........................................................................... ...............................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

महोत्तरी जिल्ला बनौली दनौली गा.वि.स. स्थायी घर भई हाल कोटेश्वर-३५, सहयोगीनगर, काठमाडौं बस्ने शारदा भुषाल (झा)ले - अख्तियार दुरुपयोग अनुसन्धान आयोग,मध्यमाञ्चल क्षेत्रीय कार्यालय,हेटौडा, मकवानपुरले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको निवेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०४।२० मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग,मध्यमाञ्चल क्षेत्रीय कार्यालय,हेटौडा, मकवानपुरलाई यस आयोगबाट क्रमश: मिति २०७१।०४।२० च.नं. ९९ को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको देखिन्छ । तत् पश्चात पुन: निज निवेदकले सूचना पाईन भनी मिति २०७१।१२।८ मा उजुरी गरेकोमा आयोगबाट निज निवेदकलाई मिति २०७१।१२।२६ मा सूचना माग गरेको कार्यालय टंगाल वा हेटौडा कुन हो ? स्पष्ट गर्न पत्र पठाएकोमा यस लामो अवधि सम्ममा पनि निजले स्पष्ट गरेको अवस्था छैन । यसर्थ निजले आयोगले सोधनी गरेको विषय स्पष्ट गरेको बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखीएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्